कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, जाजरकोट

प.सं. : २०८१/०८२ मिति: २०८१/०५/२५

बिषय : कार्यक्रम संचालनका लागी प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

सूचना नं : ०६

प्रथम पटक सूचना प्रकाशन मिति: २०८१/०५/२५

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार बार्षिक रुपमा संचालन हुने अनुदान तर्फका तपसिलका कार्यक्रम/क्रियाकलापहरुमा लक्षित क्षेत्रका कृषक, कृषक समूह, कृषि सहकारी तथा निजि फर्महरुबाट दरखास्त आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र (मिति २०८१।०६।२३ गते सम्म) सो दिन सार्वजनिक बिदा पर्न गएमा अर्को दिन कार्यालय समयमा तपसिलमा उल्लेखित कागजातहरु संलग्न राखि सुचिकृत हुनुका साथै आवेदन पेश गर्नहुन अनुरोध छ। म्याद नाघेको वा रित नपुगी प्राप्त हुन आएका निबेदन उपर कुनै कारवाही हुने छैन। यस सम्बन्धी थप जानकारीका लागी कार्यालयको **website : adojajarkot.gov.np** मा हेर्न सकिने र कार्यालयको फोन नं ०८९-४३०१२५ मा सम्पर्क गर्न सकिने व्यहोरा अनुरोध छ ।

तपसिल:

| सि नं | आयोजना/कार्यक्रमको नाम | जम्मा रु | मापदण्ड |
|---|---|---|---|
| १. | युवालक्षित कृषि कार्यक्रम | १० लाख | ➢ उमेर पच्चिस वर्ष देखि पचास वर्ष सम्म भएको,<br>➢ विदेशबाट फर्किएर कृषि पेशामा आवद्ध भएकालाई प्राथमिकता,<br>➢ सम्बन्धित विषयमा तालिम प्राप्त गरेकालाई प्राथमिकता,<br>➢ विगतदेखि कृषि कर्म गरिरहेकालाई प्राथमिकता।<br>➢ व्यवसाय सञ्चालनको लागि व्यावसायिक योजना अनुसारको बढीमा तरकारी तथा मसला बालीमा पचास हजार, च्याउ खेतीको लागि तीस हजार, पशुपालनको लागि एक लाख, मौरीपालनमा पचास हजार र पुष्पखेतीमा पचास हजार सम्म अनुदानको उपलब्ध गराउन सकिनेछ।<br>➢ अनुदानग्राहीको लागत सहभागिता न्यूनतम पचास प्रतिशत हुनु पर्नेछ। |

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, जाजरकोट

| सि नं | आयोजना/कार्यक्रमको नाम | जम्मा रु | मापदण्ड |
|---|---|---|---|
| २. | मागको आधारमा युवा लक्षित कृषि कार्यक्रम | ९.४ लाख | ➢ उमेर पच्चिस वर्ष देखि पचास वर्ष सम्म भएको,<br>➢ विदेशबाट फर्किएर कृषि पेशामा आवद्ध भएकालाई प्राथमिकता,<br>➢ सम्बन्धित विषयमा तालिम प्राप्त गरेकालाई प्राथमिकता,<br>➢ विगतदेखि कृषि कर्म गरिरहेकालाई प्राथमिकता।<br>➢ व्यवसाय सञ्चालनको लागि व्यावसायिक योजना अनुसारको बढीमा तरकारी तथा मसला बालीमा पचास हजार, च्याउ खेतीको लागि तीस हजार, पशुपालनको लागि एक लाख, मौरीपालनमा पचास हजार र पुष्पखेतीमा पचास हजार सम्म अनुदानको उपलब्ध गराउन सकिनेछ।<br>➢ अनुदानग्राहीको लागत सहभागिता न्यूनतम पचास प्रतिशत हुनु पर्नेछ। |
| ३. | चक्लावन्दी खेती प्रवर्द्धन कार्यक्रम | १५ लाख | ➢ अनुदान रकम कार्यक्रमको कुल लागतको बढीमा पचास प्रतिशत,<br>➢ चक्लाबन्दी कार्यक्रम नियमावलीको नियम १० बमोजिम गर्न सकिने<br>➢ कृषि सिँचाईको हकमा अधिकतम पचासी प्रतिशतसम्म अनुदान रकम उपलब्ध हुने।<br>➢ उच्च पहाडमा कम्तीमा एक हेक्टर र अन्य क्षेत्रमा तीन हेक्टर क्षेत्रफलमा चक्लाबन्दीमा कृषि व्यवसाय सञ्चालन गर्नुपर्ने,<br>➢ खेती योजना कम्तीमा पाँच वर्षसम्मको हुनुपर्ने |
| ४. | कृषि व्यवसाय प्रबर्द्धन कार्यक्रम (फरक क्षमता भएका, द्वन्द्धपिडित, एकल महिला, दलित महिला तथा बिदेशबाट फर्किएका यूवाहरुका लागी आयमुलक कार्यक्रम) | ६ लाख | ➢ आन्दोलनका द्वन्द्धपिडित/घाईते/अपाङ्गता भएको व्यक्तिको हकमा प्रमाण पत्र वा जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र<br>➢ अन्यको हकमा परिचय खुल्ने कागजात |
| ५. | जग्गा भाडा तथा विद्युत महशुलमा अनुदान कार्यक्रम | २ लाख | ➢ कम्तिमा ५ रोपनी जग्गा भाडामा लिई व्यवसायिक खेती गरिरहेको<br>➢ कम्तिमा ५ बर्ष भाडा लिखित सम्झौता भएको हुनु पर्ने। |
| ६. | हिउँदे फलफुल बगैचा स्थापना (स्याउ, ओखर, किवि, हलुवावेद आदि) | १० लाख | ➢ व्यक्ति वा समुदायले न्यूनतम पाँच रोपनीको बगैचा स्थापना गर्नु पर्नेछ। |

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, जाजरकोट

| सि नं | आयोजना/कार्यक्रमको नाम | जम्मा रु | मापदण्ड |
|---|---|---|---|
| ७. | हलुवाबेद क्षेत्र बिस्तार कार्यक्रम | २ लाख | ➢ व्यक्ति वा समुदायले न्यूनतम पाँच रोपनीको बगैचा स्थापना गर्नु पर्नेछ। |
| ८. | किवी बगैंचा सुदृढिकरण कार्यक्रम | १५ लाख | ➢ लागतको ५०% अनुदान<br>➢ किविको कम्तिमा पनि ५ रोपनीमा बगैचा स्थापना गरेका कृषक हुनुपर्ने। |

आवश्यक कागजातहरु :

१. कार्यक्रममा सुचिकृत हुने तथा कार्यक्रम माग सम्बन्धि निवेदन।
२. कृषक समूह, सहकारी दर्ताको प्रमाण पत्रको प्रतिलिपि १ थान।
३. गत आर्थिक बर्षको संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपि ।
४. समुह/सहकारीको हकमा कार्यक्रम माग सम्बन्धी निर्णयको प्रतिलिपि
५. गत आर्थिक बर्ष सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण।
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि।
७. दफा १९ को उपदफा (१) र (२) बमोजिमको अनुदान नलिएको स्वघोषणा पत्र, प्रतिबद्धता पत्र।
८. सम्बन्धित वडा कार्यालय/कृषि विकाश शाखाको सिफारिस पत्र।
९. आवेदन पेश गर्दा अनुदानग्राहीले एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म अनुदान माग गरेका कार्यक्रमका लागि एक सय रुपैयाँ र सो भन्दा बढी अनुदान माग भएको कार्यक्रमका लागि पाँच सय रुपैयाँ निवेदन दस्तुर कार्यालयको राजश्व खातामा बुझाएको बैंक भौचर वा नगद रसिद पेश गर्नु पर्नेछ।

*नोट :*

- *गत आ.व.हरुमा अनुदान प्राप्त नगरेका कृषकहरुलाई यस आ.व.का कार्यक्रमहरुमा समाबेश गर्न प्राथमिकता दिईनेछ।*
- *छनौट सम्बन्धी प्रक्रिया कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (संचालन तथा व्यबस्थापन) कार्यविधि अनुसार हुनेछ।*
- *निवेदन मालिका कम्प्युटर सेन्टर (कार्यालय गेट नजिक) तथा यस कार्यालयको **website:adojajarkot.gov.np** गई **download** अप्सनबाट सम्बन्धित अनुसूचि **Download** गर्न सकिनेछ।*

.............

दशरथ पाण्डे

नि.कार्यालय प्रमुख